

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ९ गते बुधबार ❑ 24 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कास्कीमा एक वर्षमा सवारी दुर्घटनामा परी ४५ जनाको मृत्य

**पोखरापत्र संवाददाता**

पोखरा, ८ साउन

कास्कीमा एक बर्षमा सवारी दुर्घटनामा परी ४५ जनाको मृत्यु भएको छ । आर्थिक वर्ष २०७९/८० मा ४४ जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो भने गत आर्थिक बर्ष २०८०/८१ मा भने ४५ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

कास्कीमा गत वर्ष ८४ हजार ५ सय २३ वटा सवारी साधन तथा सवारी धनीलाई कार्वाही गर्दा ६ करोड ८७ लाख १३ हजार ६ रुपैया राजश्व संकलन भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्तकुमार शर्माले बताउनु भयो । अघिल्लो वर्ष कास्कीमा ७६ हजार ४ सय ६० वटा सवारी साधन तथा सवारी धनिलाई कार्वाही गर्दा ६ करोड ६० लाख २४ हजार राजश्व संकलन गरेको उहाँले जनाउनुभयो ।

सबै भन्दा धेरै दुई पाङ्ग्रे सवारी साधन मोटरसाइकल तथा स्कुटर कार्वाहीमा परेका छन् । गत बर्ष कास्कीमा ४४ हजार ३ सय ३ वटा सानो सवारी साधन (मोटरसाइकल तथा स्कुटर) कार्वाहीमा पर्दा ३ करोड ७४ लाख ४१ हजार ५ सय रुपैया राजश्व संकलन भएको सूचना अधिकारी शर्माले बताउनुभयो । आर्थिक बर्ष २०७९/८० मा ३२ हजार ६ सय ४९ वटा सवारी सानो सवारी साधन कार्वाहीमा पर्दा ३ करोड १३ लाख ५० हजार राजश्व संकलन भएको कार्यालयले जनाएको छ ।

जिल्ला ट्राफिक कार्यालय कास्कीले स्वरुप परिवर्तन (मोडिफाई) गरी ध्वनी प्रदुषण गर्दै हिड्ने मोटरसाइकल नियन्त्रण गर्ने अभियान नै संचालन गरेको थियो । ध्वनी प्रदुषण रोक्नको लागि अभियानकै रुपमा १ हजार ९ सय ८६ वटा मोटरसाईकलहरुलाई नियन्त्रणमा लिई कारवाही गरिदा २८ लाख १० हजार ३ सय जरिवाना संकलन गरिएको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रहरी बरिष्ठ नायब निरिक्षक मिन बहादुर खड्काले बताउनु भयो । त्यसै गरी मोडिफाई नगर्न रिकण्डिसन हाउस, वर्कसपहरुलाई सचेतना मूलक कार्यक्रम गरी स्टिकर समेत टाँस गरिएको उहाँले जनाउनुभयो । गत वर्षमा भाडाका ट्याक्सीहरु मिटरमा जान नमान्ने बिभिन्न ५ सय ७८ वटा ट्याक्सीहरुलाई कारवाही गरिएको छ । त्यसै गरी अत्याधिक मात्रामा कालो धुँवा फाल्ने विभिन्न ६ वटा सवारी साधनलाई कारवाही गरिएको कार्यालयले जनाएको छ । विभिन्न मोवाईल एप (ईनड्राईभ, पठाओ, टुटल) जस्ता मोवाईल एप प्रयोग गरी अनाधिकृत रुपमा यात्रुहरु ओसार पसार गर्ने २२ वटा दुई पाङ्ग्रे र ४ वटा चार पाङ्ग्रे सवारी साधनहरु नियन्त्रणमा लिई कारवाही गरिएको थियो ।

## वैदेशिक व्यापार घाटा १४ खर्ब ४० अर्ब, डेढ खर्बको निर्यात

**रासस**

काठमाडौं, ८ साउन

गत आर्थिक वर्ष २०८०/८१ मा नेपालले कूल रु १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार कुल रु पन्ध्र खर्ब ९२ अर्ब ९८ करोड ५५ लाखको वस्तु आयात गर्दा रु एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको मात्रै निर्यात गरेको देखिएको हो ।

विभागको तथ्याङ्कअनुसार अघिल्लो आवको तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घटेको छ । अघिल्लो आव २०७९/८० मा नेपालले रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको आयात र रु एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको निर्यात गर्दा कूल वैदेशिक व्यापार रु १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख पुगेको थियो । अघिल्लो आवको वैदेशिक व्यापार घाटा रु १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख बराबर थियो । अघिल्लो आवको तुलनामा गत आवमा आयात एक दशमलव १६, निर्यात तीन दशमलव ०३, समग्र वैदेशिक व्यापार एक दशमलव ३३ र वैदेशिक व्यापार घाटा शून्य दशमलव ९६ प्रतिशतले घटेको हो । गत आवको आयात-निर्यात अनुपात १० दशमलव ४५ प्रतिशत बराबर छ । गत आवमा सबैभन्दा धेरै भारतसँग व्यापारघाटा देखिएको छ । भारतबाट रु नौ खर्ब ९६ अर्ब ६८ करोडको वस्तु आयात हुँदा रु एक खर्ब तीन अर्ब १७ करोड बराबर मात्रै निर्यात भएको छ । जसबाट भारतसँगको मात्र कूल व्यापार घाटा रु आठ खर्ब ९३ अर्ब ५० करोड बराबर छ ।

नेपालको अर्को छिमेकीमुलुक चीनसँग रु दुई खर्ब ९६ अर्ब १८ करोड ६० लाख बराबर व्यापार घाटा छ । चीनबाट रु दुई खर्ब ९८ अर्ब ७७ करोड बराबरको वस्तु आयात हुँदा रु २५ अर्ब ८८ करोड बराबरको मात्रै निर्यात भएको हो । नेपालले बढी व्यापार घाटा व्यहोरेका मुलुकहरूमा संयुक्त अरब ईमिरेट्स तेस्रो, युक्रेन चौथो र मलेसिया पाँचौं स्थानमा छ । व्यापार नाफाको अवस्था हेर्दा नेपालले डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी नाफा देखिएको छ ।

गत आवमा नेपालले डेनमार्कबाट रु ३५ करोड ४५ लाख बराबरको वस्तु आयात गर्दा रु ८२ करोड २१ लाख बराबरको निर्यात गरेको छ । जसबाट रु ४६ करोड ७५ लाख व्यापार नाफा देखिएको हो । बढी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## सडक मापदण्डभित्रका संरचना हटाउन सुरु

**पोखरापत्र संवाददाता**

पोखरा, ८ साउन

पृथ्वी राजमार्गअन्तर्गत पोखरा महानगरपालिका-३२ तल्लो गगनगौंडाबाट भत्केको चौकीसम्म सडकको दुवैतर्फ चार किलो मिटर दूरीमा सडक मापदण्डभित्रका अस्थायी संरचना हटाउन सुरु गरिएको छ ।

पृथ्वी राजमार्गको पोखरा मुग्लिन सडक आयोजना पश्चिम खण्ड सडक सुधार तथा चक्ला भइरहेको छ । उक्त सडकको भत्केको चौकीदेखि कोत्रेपुलसम्म सडक मापदण्ड ८२ फिटभित्र सडकदेखि दायाँबायाँ घर अगाडि विभिन्न सरसामान राखिएको तथा अस्थायी संरचना निर्माण गरिँदा पैदल यात्रुलाई हिँडडुल गर्न कठिनाइ भएकाले त्यस क्षेत्रका संरचना हटाउन थालिएको हो । यस सम्बन्धमा तल्लो गगनगौंडा बजार व्यवस्थापन समितिको गत जेठ ३० गते बसेको उपभोक्ता भेलाले निर्णय गरी आवश्यक पहलका लागि वडा कार्यालयमा अनुरोध गरिएको समितिका अध्यक्ष भुवानीप्रसाद पौडेलले जानकारी दिनुभयो । यसअघि नै संरचना हटाउन वडा कार्यालयले गत जेठ ३० गते सूचना जारी गर्दै प्रत्येक घरधनीहरूले आ-आफ्नो घर अगाडि मापदण्डमा पर्ने सरसामान, खेती तथा टहरा सूचना जारी भएको मितिले १५ दिनभित्र हटाइ मानिस हिँडडुल गर्न सहज बनाउन अनुरोध गरेको वडाध्यक्ष अक्कलबहादुर कार्कीले जानकारी दिनुभयो ।

## मनसुनयता बाढीपहिरामा परी १३३ को मृत्यु

**पोखरापत्र संवाददाता**

पोखरा, ८ साउन

मनसुनी वर्षाका कारण आएको बाढीपहिरालगायत विपद्मा परेर गत जेठ २८ गते यता एक सय ३३ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार सो अवधिमा १४५ जना घाइते भएका छन् भने सिमलताल घटनाबाहेक सात जना बेपत्ता रहेका छन् ।

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा २५, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको बताउनुभयो ।

उहाँका अनुसार काठमाडौँ उपत्यकामा नौ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा ३४ र सुदूरपर्शचिम प्रदेशमा १४ गरी एक सय ४५ जना घाइते भएका छन् ।

काठमाडौँ उपत्यकामा एक, कोशी प्रदेशमा ४९, गण्डकी प्रदेशमा १२ र सुदूरपर्शचिम प्रदेशमा पाँच गरी ६७ जनाको उद्धार गरिएको छ । बाढीपहिरामा परी सात जना बेपत्ता रहेको जनाइएको छ । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार १८ परिवार विस्थापित भएका छन् ।

## बागमतीको मुख्यमन्त्रीमा कांग्रेसका लामा नियुक्त

**रासस**

काठमाडौं, ८ साउन

नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा (तामाङ) बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको छ ।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले मंगलबार संविधानको धारा १६८ को उपधारा २ बमोजिम लामालाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ६४ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित लामाले आजै प्रदेश प्रमुख शर्मासमक्ष मुख्यमन्त्रीमा दाबी पेस गर्नुभएको थियो । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि आज साँझ ५ बजेसम्मको समय तोकर दाबी पेस गर्न आह्वान गर्नुभएको थियो । नवनियुक्त मुख्यमन्त्री लामाको सपथग्रहण कार्यक्रम भोलि बिहान ११ बजे हुने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । भोलि नै मुख्यमन्त्री लामाले कांग्रेसबाट सात र एमालेका छ गरी १३ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने तयारी गर्नुभएको कांग्रेस संसदीय दलका सचेतक गोविन्दप्रसाद लम्सालले बताउनुभयो ।

## पोखरा २४ सार्वजनिक सुनुवाइ, चुनावी वाचालाइ पाँच वर्षभित्र पुरा गर्ने प्रतिवद्धता

**पोखरापत्र संवाददाता**

पोखरा, ८ साउन

पोखरा महानगरपालिका वडा नं २४ कार्यालयद्वारा आयोजित आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।




सार्वजनिक सुनुवाई कार्यक्रममा पाँचै जना जनप्रतिनिधीहरुले चुनावीताका गरेका वाचालाई पाँच वर्ष भित्र पुरा गर्ने प्रतिवद्धता जनाएका छन् । दुई वर्षभित्र ४० प्रतिसतको हाराहारीमा काम भएको जानकारी दिदै वडा वासीलाई नआत्तिन पनि उनिहरुको अनुरोध थियो । शिक्षा, स्वास्थ्य, खानेपानी, पुर्वाधार निर्माण वडाको पहिलो प्राथमिकतामा रहेको भन्दै आउँदो वर्ष भित्र पामेवाट कास्कीकोट जाने वाटो पुरा गर्ने पनि उनिहरुको भनाई थियो । खानेपानी समस्या समाधानका लागि लौरुक लिफि्टङ्ग योजनाको काम अगाडी वढेको भन्दै वहु वर्षिय आयोजनाको रुपमा दुई वर्ष भित्र पुरा गर्ने पनि जनप्रतिनिधीको भनाई थियो । कास्कीकोट माथी देखी पामे साईडको पनि अधिकतम भूभाग समेटीएकाले वडा कार्यालयमा हुने काम कार्वाहीमा समस्या परेको भन्दै वडाको भूभागवाटै वडा कार्यालयमा जाने कनेक्टिङ्ग रोड छिट्टै पुरा गर्ने पनि उनिहरुको भनाई थियो । अहिले २४ नम्मर वडाकै लौरुक तथा पामे एरियाका नागरिकलाई वडाको काम गर्नजानु परेमा ५ वटा वडा कार्यालयको भूभाग घुमेर जानु पर्ने वाध्यता छ । उक्त कार्यक्रममा कास्कीकोटका स्थानीय बासिन्दा, वडाभित्रका संघसंस्थाका प्रतिनिधिहरू, तथा सरकारी अधिकारीहरू समेत गरि १ सय ५० भन्दा वढीको सहभागिता रहेको थियो । कार्यक्रममा पोखरा २४ का अध्यक्ष भरत बहादुर अधिकारीले आर्थिक वर्षको विभिन्न परियोजनाहरू, खर्चको विवरण तथा आगामी योजनाहरूको बारेमा विस्तृत जानकारी प्रस्तुत गरेका थिए । कार्यक्रममा उनले कास्कीकोटलाई अगाडी बढाउनका लागि आवश्यकताको आधारमा सबै प्रकारका व्यक्तित्वहरुसँग सहकार्य गरेर जाने बताए । कार्यक्रममा सहभागी स्थानीयहरूले वडाभित्रका सडक तथा योजनाहरूमा विभिन्न प्रश्नहरू उठाएका थिए । सहभागीहरुको जिज्ञासा सम्बोधन गर्दै संघीय, प्रदेश र स्थानीय तीनै तहले उपलब्ध गराएको रकम समायोजन गरेर बजेट बनाएउको उल्लेख गरे । सार्बजनिक सुनुवाई कार्यक्रममा वडा सचिब ईन्द्र बहादुर जीसीले चालु आ ब २०८०/८१ मा जारी कार्यक्रम र बजेटसँग सम्बन्धित वडा प्रगति प्रतिबेदन प्रस्तुत गरेका थिए । साथै उनले सार्वजनिक सुनुवाई बाहेक पनि नागरिकका जिज्ञासाहरुको सम्बोधन गर्ने बताए । सार्वजनिक सुनुवाई कार्यक्रममा वडा सदस्य कृष्ण प्रसाद सुवेदीले वडावासी नागरिकले मात्र नभई राजनीतिक दलका नेताहरुले पनि वडाको काममा चासो राख्नुपर्ने बताए । उनले पार्टीलाई अगाडी बढाउने बारे मात्र होईन वडालाई अगाडी बढाउन पनि वार्ता र सुझावहरु दिनुपर्ने बताए ।

सार्बजमिक सुनुवाईमा वडा बासीले ग्रामिण सडक, शैक्षिक र स्वास्थ्य गुणस्तर सुधार, कास्कीकोटमा पर्यटन प्रवर्द्धन, वडाको भावी योजना बारे प्रश्न तथा जिज्ञासाहरु राखेका थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# फेवाताल सरसफाई गरेर मनायो मजेष्टिक लेक फ्रण्ट होटलले वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पोखराको लेकसाईडमा रहेको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुईट्स प्रालिले प्रथम वार्षिकोत्सव मनाएको छ।




अघिल्लो वर्षदेखि सञ्चालनमा आएको पोखरा-६ लेकसाईडको खहरेस्थित फेवाताल किनारमा रहेको मजेष्टिक लेक फ्रण्ट होटलले आफ्नो प्रथम वार्षिकोत्सव फेवाताल सरसफाई, कर्मचारी पुरस्कृत लगायतका कार्यक्रम गरेर मनाएको हो। होटलको वार्षिकोत्सवको अवसरमा फेवाताल सरसफाई गरिएको होटलका सञ्चालक सुनिलबहादुर भट्टराईले जानकारी दिए। 'तालमा रहेको जलकुम्भी झार, प्लाष्टिक, बोतललगायत बाहिर निकाल्यौं र संकलन गरेर डिस्पोज गर्नका लागि पठायौं'- उनले भने। ताल सरसफाईमा होटल सञ्चालक भट्टराई, उनको परिवारसँगै ६० जना कर्मचारीहरु सहभागि भएको उनले बताए।

ताल सरसफाईपश्चात कर्मचारीलाई सम्मान तथा मनोरञ्जनात्मक कार्यक्रम गरेर वार्षिकोत्सव मनाइएको सञ्चालक भट्टराईले बताए। होटलले हेड अफ डिपार्टमेन्ट अफ दी ईयरबाट सेफ राजेश सुनुवार, ईम्प्लोयी अफ दी ईयरबाट रेशम थापा, ईम्प्लोयी अफ दी मन्थबाट शुक्रकुमारी आले र राइजिङ ईम्प्लोयी अफ दी ईयरबाट कृष्ण पौडेल पुरस्कृत भएको उनले जानकारी दिए।

फेवाताल किनारमा करीब ७ रोपनी क्षेत्रफलमा सञ्चालित यो होटल अघिल्लो वर्षदेखि सञ्चालनमा आएको हो। होटलबाट फेवाताल, माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृंखलाको दृश्यावलोकनसँगै मेथलाङ डाँडासमेत नजिकबाट नियाल्न सकिन्छ। त्यसैले त यो होटल एक वर्षपनि नपुग्दै ट्रिप एडभाईजरमा पोखराको उत्कृष्ट ५ मा पर्न सफल भइसकेको छ। होटलमा ३ वटा स्वीट रुमसहित डिलक्स, सुपर डिलक्स गरेर ३८ वटा कोठाहरु रहेका छन्। त्यसबाहेक एक जना अट्नसक्ने कन्फिरेन्स हल, स्पा, साउना स्ट्रिम, मसाजलगायतका सुविधाहरुपनि रहेको सञ्चालक भट्टराईले बताए। होटल परिसरमै २ सय बढी अटाउने रेष्टुरेण्ट छ भने त्यहाँ हरेक दिन एकोष्टिक लाइभ हुने गरको छ। जसको मज्जा पर्यटकले लिन पाउने उनले बताए। रेष्टुरेण्टमा कन्टिनेन्टल, नेपाली, भारतीय खानालगायतका परिकारको स्वाद लिन सकिने भट्टराईले बताए। होटलमा आएका पाहुनालाई सहज होस् भनेर खुल्ला क्षेत्रफल भएको पार्किङपनि रहेको उनको भनाई छ।

# पोखरा रोयल सहकारीको ६ करोड ८२ लाख नाफा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पोखराको पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाले गत आर्थिक बर्ष २०८०/०८१ मा करिब ६ करोड ८२ लाख संचालन नाफा आम्दानी गर्न सफल भएको छ।



सहकारीकोले २ अर्ब ५२ करोडको कारोवार गर्दा उक्त रकम संचालन नाफा आम्दानी गर्न सफल भएको सहकारीका प्रमुख कार्यकारी अधिकृत भिम बहादुर गुरुङले बताउनुभयो। संस्थाको ६१ करोड भन्दा बढी रकम तरलता भएकोले उक्त रकम उचित कर्जा लगानीको खोजीमा रहेको उहाँको भनाई छ। सहकारीले गत बर्ष १ अर्ब ६७ करोड कर्जा लगानी गरेको छ भने १ अर्ब ९१ करोड निक्षेप बचत गरेको छ।

सहकारीको शेयर पूंजि भने १५ करोड २ लाख पुगेको छ भने संस्थाको अर्को राम्रो पक्ष जगेडा कोषमा १९ करोड ९४ लाख संकलन गर्न सफल भएको प्रमुख कार्यकारी अधिकृत गुरुङले उल्लेख गर्नुभयो। संस्थाको ऋण जोखिम कोषमा ८ करोड १८ लाख रहेको उहाँले जनाउनुभयो। संस्थाको हालसम्म ९ हजार ३ सय ५६ जना शेयर सदस्य रहेका छन भने संस्थाले गत बर्ष मात्र ६ सय नयाँ सदस्य थप्न सफल भएको उनले जनाउनुभयो।

संस्थाको हाल खराब कर्जा भने करिब ८ प्रतिशत रहेको छ। संस्थाले स्प्रिडदर ५.५ प्रतिशत मात्र रहेको छ भने अहिलेको अबस्थामा ११ प्रतिशतमा कर्जा लगानी गर्न थालेको छ। उक्त सहकारीमा लाहुरे समुदायदेखि पोखरामा रहेका विभिन्न समुदायका व्यक्ति हुदै महिलाहरुको करिब ६९ प्रतिशत र युवा करिब ४० प्रतिशत सहभागिता रहेको सहकारीले जनाएको छ। आफुहरुको स्पष्ट नीति, कार्यक्रम योजना, सरकारले दिएको नियम पालना, आफुहरुको टिमवर्क, सामुहिक भावना, समानुपातिक ढंगले शेयर वितरण लगायतका कारणले गर्दा अन्य सहकारीको जस्तो कुनै समस्या नभएको प्रमुख कार्यकारी अधिकृत गुरुङले दाबी गर्नुभयो। संस्थाका सूचना अधिकारी एवं मुख्य प्रबन्धक मिलन ढकालले आफुहरुले ऋण दिने समयमा कुन प्रयोजनको लागि हो सोको बारेमा राम्रोसंग परामर्श गरेर मात्र दिने गरेको बताउनुभयो।

अनउत्पादन क्षेत्रमा कर्जा नजाओस भन्नको लागि आफुहरुले पराशर्म गरी सहुलिय व्याजदरमा कर्जा उपलब्ध गराउदै आएको उहाँले दाबी गर्नु भयो। संस्थाले हाल करिब ४७ जनालाई रोजगार दिएको छ भने कर्मचारीलाई प्रोत्साहन र हौसलाको लागि सम्मान र पुरस्कारको समेत व्यबस्था मिलाएको प्रबन्धक परमेश्वर दाहालले बताउनुभयो।

प्रदेश स्तरिय उक्त सहकारीको पोखराको बुद्धचोकमा प्रधान कार्यालय रहे पनि सेवा कार्यालय तनहुँको दुलेगौडा, पोखराको भण्डारढिक र अर्को शिशुवामा रहेको छ।

# डा:थापाको सुझाव: पढाईमा कहिल्यै हिम्मत नहार्नु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति डा. बुद्धिबहादुर थापाले कुनैपनि विषयको अध्ययनमा हिम्मत नहार्न विद्यार्थीलाई सुझाएका छन्।




पोखराको पालिखेचोकस्थित प्रतिभा माविले मंगलबार कक्षा ११ का विज्ञान विषयका नवआगन्तुक विद्यार्थीका लागि आयोजना गरेको स्वागत तथा उत्प्रेरणामूलक कार्यक्रममा प्रमुख अतिथि रहेका थापाले भने, 'पढाईमा कहिल्यै हिम्मत हार्नुहुँदैन। कुनैपनि विषय अध्ययन गर्दा हिम्मत नहारौं, अनेक चुनौती आउँछन्, तर, हिम्मत हारेमा पढाई पुरा हुँदैन।' आफ्नो उद्देश्य प्राप्तिको लागि ध्यान दिनुपर्ने पनि उनले बताए। 'आफ्नो उद्देश्य कहिल्यै नर्बिसनु,' विद्यार्थीलाई सुझाउँदै उनले भने, 'उद्देश्य मात्र भुल्ने होइन की समाजलाई पनि भुल्नु हुँदैन।' आफुले निकै नै अप्ठेराका बाबजुत चिकित्सा शिक्षा अध्ययन गरेको अनुभव सुनाउँदै डा. थापाले भने, 'मैले निकै नै दुखका साथ मेडिकल शिक्षा पढेको हुँ। मैले अध्ययनसँगै समाजको पनि सेवा गरेको हुँ। आफ्नै जिल्लाका बिरामी परीक्षण गर्न लामो समय बिताए।'

उनले विद्यार्थीलाई सुझाउँदै सामाजिक काममा लाग्न पनि अनुरोध गरे। डा. थापाका अनुसार तनहुँको शुक्लागण्डकीमा सामुदायिक अस्पताल खोल्न आफुले पहल गरेका थिए। 'अहिले त्यो अस्पताल विशेष सुविधासहितको बनेको छ। कुनैबेला सामुदायिक अस्पताल बनाएका थियौं,' उनले भने।

विद्यालयका प्राचार्य किरण सापकोटाले हरेक विद्यार्थीमा एउटा न एउटा क्षमता हुने बताए। प्राचार्य सापकोटाले विद्यार्थीलाई सुझाउँदै भने, 'सपना सगरमाथाको टुप्पोमा पुग्ने देख्नुस। तपाईं आधारशिविरसम्म त पक्कै पुग्न सक्नुहुन्छ। सगरमाथाको टुप्पोमा पुग्न नसक्दैमा आँट गर्न नछोड्नुस।' प्राचार्य सापकोटाले अबका दुइवर्ष जिवनका लागि अमुल्य हुने बताउँदै भने, 'अबको दुइवर्षको दुखले जीवन सुख हुनेछ। त्यसैले ब्यक्तिबाट ब्यक्तित्व बन्ने प्रयास गर्नुपर्छ।' सापकोटाले जर्बदस्त दुइवर्ष मेहनत गरेर सपनालाई पछ्याउन पनि विद्यार्थीलाई सुझाए। विद्यार्थी समीर सुवेदीले उदेश्य र लगनशीलताले सफलता हात पर्ने बताए। विद्यालयका अध्यक्ष नारायणप्रसाद पौडेलले विद्यार्थीले मेहनत गरेर अध्ययन गरेको खण्डमा त्यसको परिणाम पनि उत्कृष्ट नै आउने बताए। समय अनुसारको शिक्षा दिलाउन विद्यालय हरदम तयार रहेको उनले सुनाए। 'प्रतिभाले हरेक वर्ष हरेक क्षेत्रमा प्रतिभा उत्पादन गरिरहेको छ। आगामि दिनमा ती प्रतिभा अझै थपिनेछन,' उनले भने, 'विद्यार्थीलाई प्रतिभावान बनाउन हामी हरदम छौं।'मनोपरामर्शदाता तथा उत्प्रेरक डा. ताराजीले जिवनको लक्ष्य पहिचान गरेर अघि बढ्न नवआगन्तुक विद्यार्थीलाई सुझाए। अरुको लहैलहैमा नलाग्न उनको अनुरोध थियो।

कार्यक्रममा गायिका अस्मिता अधिकारीले विद्यार्थीका लागि गीत पस्केकी थिईन। अधिकारीले गीत गाउँदा पोखरा सभागृहहल गुञ्जायमान बनेको थियो। कार्यक्रममा कक्षा १२ का विद्यार्थीले पनि गीतसंगीत र नृत्य पस्केका थिए।

# वैदेशिक ...

व्यापार नाफा देखिएका मुलुकमा अफगानिस्तान दोस्रो स्थानमा छ। गत आवमा नेपालले अफगानिस्तानबाट दुई करोड ७६ लाख बराबरको वस्तु आयात गर्दा रु ४९ करोड ३६ लाख बराबरको निर्यात गरेको छ। जसबाट अफगानिस्तानसँग रु ४६ करोड ६० लाख बराबरको व्यापार नाफा भएको छ।

गत आवमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ। विभागको तथ्याङ्कअनुसार गत आवमा रु एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख बराबरको डिजेल, रु ६८ अर्ब १० करोड २० लाखको पेट्रोल र रु ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ। रु ३९ अर्ब तीन करोड ४३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ। स्मार्टफोनमात्र रु २८ अर्ब ६६ करोड ६२ लाख बराबरको आयात भएको छ।

त्यस्तै, रु २३ अर्ब ६५ करोड ३९ लाख बराबरको सुन आयात भएको छ। नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट, अलैंची, फलाम तथा स्टिलजन्य, जुसलगायत वस्तु छन्। गत आवमा नेपालले सबैभन्दा धेरै रु १० अर्ब ५७ करोड २४ लाख बराबरको कार्पेट र रु सात अर्ब ९३ करोड ८१ लाख बराबरको अलैंची निर्यात गरेको छ।

# फर्निचर तथा फर्निसिङ व्यवसायीको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघ को ९ औं वर्ष पुरा गरी १० औं वर्ष प्रवेशको अवसरमा मंगलबार पोखरामा आयोजित खुल्ला रंक्तदान कार्यक्रमबाट ८८ यूनिट रंक्त संकलन भएको छ।



महासंघ प्रदेश समन्वय समिति, गण्डकी प्रदेश तथा कास्की जिल्ला संघको आयोजनामा एवं सिटिजन फर्निचरको सहकार्यमा पोखराको न्यूरोडमा भएको रंक्तदान कार्यक्रमबाट उक्त यूनिट रंक्त संकलन भएको नेपाल फर्निचर तथा फर्निसिङ्ग व्यवसायी महासंघका केन्द्रीय तृतीय उपाध्यक्ष ज्ञानबहादुर नेपालीले बताउनु भयो। रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रमको महासंघका केन्द्रीय अध्यक्ष युवराज पौडेलले उद्धाटन गर्दै मानव जीवनमा रंक्तदान जस्तो पवित्र कार्यलाई आगामी दिनमा निरन्तरता दिने बताउनु भयो। व्यवसायीहरुले व्यवसायको साथमा सामाजिक उत्तरदाहित्व समेत बहन गर्नुपर्ने उहाँको भनाई थियो। "रक्तदान जीवनदान, जीवनदान महादान, रंक्तदान गरौं पुण्य कमाऔं" भन्ने नारा सहित उक्त कार्यक्रम सम्पन्न भएको सिटिजन फर्निचरका प्रोपाइटर दीपक कार्कीले बताउनु भयो। महासंघको पहलमा सोमबार पोखरा सितापाइलामा बृक्षारोपण समेत गरिएको महासंघ कास्कीका महासचिव प्रमेश्वर दवाडीले बताउनु भयो।


विश्वास केसी, रोक विर सुनार र प्रदिप सुनारलाई उक्त अवसरमा महासंघले औजार वितरण गरेको छ। कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी, प्रदेश अध्यक्ष हिरामणि पण्डित, संघ कास्की अध्यक्ष पूर्णशोभा गुरुङ, सिटिजन फर्निचरका प्रोपाइटर दीपक कार्की लगायतले वोल्नु भएको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# आइ ल्याब गण्डकीको सहभागिता



**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (टिभिईटी) को संस्थागत विकास गरी देशका युवाहरुलाई उत्पादन र उत्पादकोत्वमा जोडी रोजगाार र स्वरोजगारको माध्यमवाट समाजलाई आर्थिक तथा सामाजिक रुपान्तरण गरी समृद्ध नेपाल निर्माण गर्ने उद्देश्यले काठमाडौं विश्वविद्यालय र इटिएच ज्यूरिच, स्वीजरल्याण्डको संयूक्त साझेदारीमा आइ ल्याब-२०२४ कार्यक्रमको किक अफ मिटिङ यहि साउन ५ देखि ६ गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घााटन गर्दे प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले सरोकारवाला सवै पक्षसँग थप परार्मश गरी आउँदै गरेको टिभिईटी ऐन मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षाका सम्पूर्ण समस्यालाई समाधान गर्ने वताउनुभयो । उक्त कार्यक्रममा सिटिइभिटीका सदस्य सचिव ई. महेश भट्टराई, रोजगार दाताका तर्फवाट होटल संघका केन्द्रीय अध्यक्ष विनय शाह, काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशजका डिन प्रा.डा.बालचन्द्र लुईटेल लगााय तल आ(आफ्नो भनाई राख्नुभएको थियो । काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा देश भर वाट ८ वटा समुहहरुको सहभागिता रहेको थियो।

ब्याक स्टपिङ एण्ड लनिङ प्रोजेक्ट अन्तरगतको शैक्षिक प्रणाली कार्यान्वयन आइल्याब कार्यक्रमको मुख्य उदेश्य टिभिईटीको गुणात्मक परिर्वतन रहेको छ । सोही अनुसार सहभागी टिमहरुले आ-आफ्नो मुद्धाहरु प्रस्तुत गरी आगामी ६ महिना भित्र उक्त योजना स्थानिय पालिका, प्रदेश सरकार र रोजगार दाताहरुको प्रत्यक्ष संलग्नतामा लागु गरिने प्रतिवद्धता समेत जनाएका थिए। प्रस्तुत गरिएका केस माथि काठमाडौं विश्वविद्यालयका प्राध्यापक महेशनाथ पराजुली, प्रकाश कुमार पौडेल, प्रकाश चन्द्र भट्टराई र सुरेश गौतमले पृष्ठपोषण प्रदान गर्नु भएकोथियो भने प्राध्यापक महेश नाथ पराजुली र स्वीस विकास नियोगकी डा. उषा भन्डारीले टिभिईटीका विभिन्न आयाम वारे आ-आफ्नो कार्य पत्र प्रस्तुत गर्नु भएको थियो। आफ्नो केस प्रस्तुत गर्दे आइ ल्याब गण्डकी टिमले टिभिईटी क्षेत्रमा वर्तमान आवस्थामा देखिएका मात्त्रात्मक र गुणात्मक चुनौतीहरुलाई केही हदसम्म भए पनि न्यूनिकरण गर्नका लागि स्थानिय स्तरमा सिजिएससि स्थापनाको योजना प्रस्तुत गरेको थियो । उक्त सिजिएससि केन्द्र नवलपुरको हुप्सेकोट गा. पा. को कार्यलयमा स्थापना गरी मातहतका विधाालयहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको सन्दर्भमा वृहत परामर्श गाराउने साथै स्थानिय अभिभावक, माध्यमिक तहका विधार्थीहरु साथै सम्पूर्ण सरोकार वालाहरुलाई समेत आवश्यक सूचना तथा वृत्ति परामर्श उपलव्ध गराइ प्राविधिक तथा व्यवसायिक शिक्षा तथा रोजगारमा जोड्न मुख्य पहल गर्ने प्रतिवद्धता समेत व्यक्त गरिएको छ।

नवलपुरको हुप्सेकोट गा.पा. प्रमुख, गोरखाको गोरखा नगरपालिका उपप्रमुख, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष लगायत प्रदेश तथा स्थानिय पालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद संस्थाको प्रतिनिधित्व हुने गरी आइ ल्याब गण्डकी वाट ४ महिला र ४ पुरुष गरी जम्मा ८ जनाको समुह समावेशी रुपले गठन गरीएको छ । आइल्याब गण्डकीको सिजिएससि अन्तरगतको कार्यक्रमहरु हुप्सेकोट गा.पा.मा तत्काल लागु गर्ने योजना भएता पनि भविष्यमा गण्डकी प्रदेश अन्तरगतका अन्य पालिका तथा स्थानियतहमा समेत लागु गर्न सकिने अपेक्षा गरिएको छ।

प्रदेश र स्थानीय सरकार तथा रोजगाार दाताहरुको संलग्नतामा संचालन गरिने सो कार्यक्रम परीणाममुखी र दिगो हुने अपेक्षा समेत गरिएको छ । आइल्याब गण्डकीको उक्त योजना गण्डकी प्रदेशका सम्पूर्ण पालिका र सरोकारवालाहरुको लागि अनुकरणिय बन्ने विश्वास पनि गरिएको छ।

# बेनी-जोमसोम सडकको म्याग्दी खण्ड पहिराले यातायात प्रभावित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ साउन

म्याग्दीको उत्तरी क्षेत्र हुँदै हिमाली जिल्ला मुस्ताङस्थित चीनको सिमाना कोरलानाका जोड्ने बेनी-जोमसोम सडकको म्याग्दी खण्ड पहिराले यातायात प्रभावित बनाएको छ।

स्तरोन्नतिका क्रममा रहेको बेनीबाट मुस्ताङ लेतेसम्मको खण्डमा रहेका पहिरो, कटान र बाढीका कारण यातायात प्रभावित हुने गरेको छ । बर्खायामसँगै यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र पहिरो पन्छाउने काममा राज्यको ब्यभार बढेको छ।

म्याग्दी खण्डमा ५० भन्दा बढी ठाउँमा साना-ठूला पहिरो र कटानका कारण बर्खायाममा जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो। "सडक विस्तारसँगै नयाँ-नयाँ पहिरा सिर्जना भएका छन्", उहाँले भन्नुभयो, "सडक छेउछाउका बस्तीमा पनि जोखिम बढाएको छ ।" म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका, मुस्ताङका बासिन्दा, मुस्ताङ भ्रमणमा जाने र फर्कने पर्यटक तथा तीर्थयात्री सडकको दुरावस्थाका कारण पीडित भएका छन् । कतिपय स्थानीयवासी, पर्यटक र तीर्थयात्री मुस्ताङ आवतजावत तथा बिरामी अस्पताल लैजान हेलिकप्टर चार्टर गर्नुपर्ने अवस्था छ । राहुघाट, चमेरे, बैसरी, सिरुबारी, बेगखोला, महभिर, नौलीबगर, गुइँठेभिर, खामभित्ता, लाटोखोला, रुप्से, घाँसाको खहरेखोला, कैह्कुखोला, लेते क्षेत्रमा ठूला पहिरो छन्।

पहिरोका अतिरिक्त ठाडो खोलामा आउने बाढी र कालीगण्डकीको कटान पनि बेनी-जोमसोम सडकको मुख्य चुनौती बनेको छ। हिउँदभर स्तरोन्नतिको काम भएको म्याग्दी खण्डको अधिकांश सडकमा पहिराले क्षति भएको छ । गुडिरहेका सवारीसाधनमाथि पहिरो खसेर क्षति हुने भएकाले पानी परेको र रातको समयमा आवतजावत नगर्न अनुरोध गरिएको छ।

गलेश्वर-तातोपानी खण्डको ठेकेदार कम्पनी शर्मा युनाइटेडका इन्जिनियर सुमन भट्टराईले कालोपत्र गरिएको सडक भत्किएर र पुरिएर क्षति भएको बताउनुभयो । "बेगखोला-तातोपानी खण्डको आठ किलोमिटरमा गत हिउँदमा गरिएको डिबिएसडी प्रविधिको कालोपत्र सडक पहिरो खसेर क्षति भएको छ", उहाँले भन्नुभयो, "नयाँनयाँ ठाउँबाट पहिरो खस्ने र कुनातर्फ नयाँ पानीको मुल फुटेर नालीभन्दा बाहिरबाट बग्न थालेपछि समस्या भएको छ ।" नागढुङ्गा-घाँसा खण्डको ठेकेदार कम्पनी शर्मा-जगुरमुखीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले विगतका वर्षमा पहिराले दुःख दिने काभ्रे, घोप्टेभिर र बादर जुङ भिरमा ढलान गरिएपछि यसपालि समस्या नभएको तर अन्य ठाउँमा क्षति भएको बताउनुभयो । "यहाँको प्रतिकूल भूगोल र मौसमले डिबिएसडी कालोपत्र गर्ने डिजाइन नै परिवर्तन नभएसम्म काम गर्न सकिने देखिएन", उहाँले भन्नुभयो, "हिउँभर सडकमा बनाएको संरचनालाई बर्खाको पहिराले छियाछिया बनाएको छ ।" सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यहीअनुरुप डिपिआर निर्माण नगरिएकाले नियन्त्रणका लागि विस्तृत अध्ययन गरेर योजना सञ्चालन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा योजना र बजेट माग गरिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुवकुमार झाले बताउनुभयो।

सडक विभागको डोजर, लोडर र ब्याकुहोलोडर तथा प्राविधिकलाई तयारी अस्वस्थामा राखेर पहिरो पन्छाएर अस्थायी रूपमा यातायात सञ्चालन गर्ने व्यवस्था मिलाए पनि दीर्घकालीन समाधानका लागि बजेटको अभाव भएको आयोजना प्रमुख झाले बताउनुभयो।

# नारायणचोकमा हनुमान नाच सिकिरहेका युवाहरू

**रामबहादुर थापा**
गण्डकी, ८ साउन/रासस

नौ वर्षपछि हनुमान नाच सुरु हुन लागेको थाहा पाएपछि सोमबार हामी बागलुङ बजारको नारायणचोक पुग्यौँ। सूर्यास्तको समय भइसकेको थियो । घामका पहेँला किरणले नारायणचोक सुनौलो र मनमोहक देखिन्थ्यो । पुरानो लक्ष्मीनारायण मन्दिर, छेवैमा वरपिपल चौतारी, परम्परागत घर, पसल, गल्ली आदिले उहिलेको बागलुङ बजारको झल्को दिन्थ्यो।

चौतारी र मन्दिरछेउ ढुङ्गा बिछ्याइएको चौडा गल्लीनेर हामी टक्क अडियौँ । जसलाई स्थानीय नेवार समुदायले 'अखडा'का रूपमा लिने गर्छन्। हामी त्यहाँ पुग्दा मानिसको चहलपहल सुरु भइसकेको थियो। पाकापुरानादेखिबालबालिकासम्म नारायणचोकमा भेला भएका थिए । केहीबेरमा नारायण मन्दिरको अधिल्तिरबाट मृदङ्गा र झ्यालीको ताल गुञ्जिन थाल्यो । 'अखडा'मा लौरो समाएर तम्तयार भएका युवाहरू सोही तालमा लौरो जुधाउँदै नाच्न थाले। यो क्रम झण्डै डेढ घण्टा चल्यो।

युवाहरू नौ वर्षको अन्तरालमा आगामी भदौ ११ देखि सुरु गर्न लागिएको ऐतिहासिक हनुमान नाचको प्रशिक्षण लिँदै थिए। नाच र वाद्यवादनमा पारङ्गतहरूबाट युवाहरूले उक्त कला सिकिरहेका थिए । बागलुङको नेवार समुदायमा प्रचलित हनुमान नाचको पूर्वाभ्यास सँगसँगै नयाँ पुस्तामा उक्त नाचबारेको ज्ञान, कला र शिल्प सिकाउने उद्देश्यले हनुमान नाच संरक्षण परिषद्ले सो प्रशिक्षण चलाएको हो। यही साउन १ गतेदेखि सुरु भएको उक्त प्रशिक्षण यो महिनाभर चल्नेछ।

पहिलोपटक प्रशिक्षण लिइरहनुभएका अनिल प्रधानलाई हामीले नारायणचोक भेट्यौँ । ऐतिहासिक नाचको सदस्य कलाकार हुन पाउँदा आफू उत्साहित उहाँले हामीसँग सुनाउनुभयो । "मलगायत केही युवा साथी पहिलोपटक हनुमान नाच नाच्दैछौँ, अग्रजहरूबाट आफ्नो सांस्कृतिक नाच सिक्न पाउँदा हामी खुसी छौँ", उहाँले भन्नुभयो । नेपाल भाषा मंका खलः बागलुङका सचिव सुदीप राजभण्डारीले आफू तेस्रोपटक हनुमान नाच नाच्न लागेको बताउनुभयो । "हाम्रा परम्परागत नाच, गीत नयाँ पुस्तामा हस्तान्तरण नहुँदा लोप हुने खतरा छ, यिनको जगेर्नाका लागि पनि बेलाबेलामा अभ्यास तथा प्रशिक्षण भइरहनुपर्छ", उहाँले भन्नुभयो, "यसपालिको हनुमान नाचमा नयाँ पुस्ताको उल्लेख्य सहभागिता रहनेछ, नाचको अभ्यासका क्रममा पनि किशोर र युवाहरूको आकर्षण बढी देखिएको छ ।" प्रशिक्षण सहभागीमध्ये झण्डै ४० जना नाचका लागि छनोट हुनेछन् । तीमध्ये अधिकांश युवा रहनेछन्। वाद्यवादनतर्फ पनि आठदेखि दस जनासम्म छनोट हुने जनाइएको छ। विसं २०७२ पछि यो वर्ष विधिवत रूपमा हनुमान नाच देखाउने तयारी भइरहेको परिषद्का अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले बताउनुभयो । त्यसअघि विसं २०६३ मा उक्त नाच प्रदर्शन गरिएको थियो। तीन, पाँच, सात र नौ गरी बिजोड वर्ष पारेर नाच नचाउने परम्परा रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । "भदौ ११ गते मङ्गलबारदेखि सुरु हुने नाच चैतको अन्तिम मङ्गलबार बिर्सजन हुनेछ", उहाँले भन्नुभयो । भदौको पहिलो या दोस्रो मङ्गलबार पारेर नारायणचोकमा हनुमानको मूर्ति प्रतिस्थापन गरी पूजा विधि गरेपछि हनुमान नाच सुरु गर्ने चलन छ। सोही दिन भीमसेनको मन्दिरमा विशेष पूजाआजा गरी बोका बलि दिने परम्परा रहिआएको छ । पौराणिककालका वीर हनुमानको आराधानाले शक्ति प्राप्त हुनुका साथै सुख, समृद्धि प्राप्त हुने विश्वासमा हनुमान नाच नाच्ने गरिएको संस्कृतिकर्मी प्रेम छोटाले बताउनुभयो। रामायणका प्रमुख पात्र रहेका हनुमानमा निहित पराक्रम, वीरता, अनुशासन र भक्तिभावलाई नृत्यको माध्यमबाट प्रदर्शन गरिने उहाँको भनाइ छ । "नाचमा १३ जोडी कलाकारले हनुमानको स्वरुप धारणा गेरर दिने प्रस्तुति कलात्मक हुन्छ, विभिन्न दश तालमा यो नाच नाचिन्छ", उहाँले भन्नुभयो, "यो पाँच सय वर्षभन्दा पहिले भक्तपुरबाट सुरु भएको नाच हो, पछि त्यहाँबाट बागलुङ बसाइँ सरेर आएका नेवारहरूले हनुमान नाचको संस्कृति पनि सँगै ल्याए ।" बागलुङमा नेवार समुदायको इतिहास झण्डै साढे तीन सय वर्ष पुरानो छ।

विसं १७६८ मा पहिलोपटक नेवार जाति बागलुङ प्रवेश गरेको इतिहासमा उल्लेख रहेको संस्कृतिकर्मी छोटाले बताउनुभयो । उहाँका अनुसार हनुमान नाच मल्लकालीन समयमा भक्तपुरका राजा भुपतिन्द्र मल्लले हनुमान नाच सुरु गरेका थिए। हनुमान नाच मङ्गलबार, बिहीबार र शनिबार नाच्ने पराम्परा रहेको उहाँको भनाइ छ। नेवारबाहेक अन्य समुदायका कलाकारले पनि नाचमा भाग लिन पाउँछन्।

बागलुङ बजारका विभिन्न टोल, बस्ती र माग भए जिल्लाबाहिर पनि पुगेर नाच देखाइने हनुमान नाचका प्रधान कजी (व्यवस्थापक) ईश्वर मलेपतीले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि काठमाडौँ, भक्तपुर, पोखरा, भैरहवालगायत ठाउँमा उक्त नाच प्रदर्शन गरिएको थियो । भक्तपुरबाट सुरु भए तापनि हनुमान नाच बागलुङ, बेनीलगायत सीमित ठाउँमा मात्र संरक्षित रहेको उहाँको भनाइ छ।

"धेरै कलाकार चाहिने हुँदा यो नाच महँगो पनि छ, पूजाआजा, पोशाक, वाद्ययन्त्रलगायत सामग्री व्यवस्थापनमा पनि खर्च बढी हुन्छ", उहाँले भन्नुभयो । नाच सञ्चालनका लागि प्रधान कजी (व्यवस्थापक), उपप्रधान कजी, कजी, पूजारी, वाद्यवादक, कलाकारलगायत एकैपटक सयौँ व्यक्ति खटिनुपर्छ। हनुमान नाच बागलुङकै सांस्कृतिक धरोहरका रूपमा रहेको उहाँले बताउनुभयो।

देवालय, सलामी, छ ताल, आठ ताल, १२ ताल, २४ताललगायत गरी दश तालमा कलाकार नाच्ने गरेको वाद्यवादक निरज शाक्यले बताउनुभयो । पुच्छरसहित हनुमानको भेष पहिरेका कलाकार एकापसमा लौरो जुधाउँदै मृदङ्ग र झ्यालीको तालमा नाच्ने गरेको उहाँको भनाइ छ। नाच्ने क्रममा कतिपयलाई 'वीर' उत्रने गरेको छ । "बाजाको ताल छोपेर नाचिरहेका बेला कतै ताल बिग्रियो भने पनि वीर उत्रने गर्छ, बाहिरका व्यक्तिलाई पनि वीर उत्रन सक्छ", उहाँले भन्नुभयो, "वीर उत्रेर शरीर काँप्ने, दौडने गरेमा पुजारीबाट धूप सुँघाएर सामान्य अवस्थामा फर्काउने गरिन्छ।" हनुमान नाचका अग्रज कलाकार शाक्यले पौराणिक ग्रन्थ रामायणको कथाका विभिन्न घटना तथा प्रसङ्गमा आधारित रहेर ताल र नाचको संयोजन गरिएको बताउनुभयो। "हनुमानले लङ्का घेरेकोदेखि लडाइँ जितेर विजयोत्सव मनाएकोसम्मका भाव र विषयलाई नाचद्वारा प्रस्तुत गरिन्छ", उहाँले भन्नुभयो। बलियो हुने र आवाज पनि राम्रो आउने हुँदा नाचमा पलाँसको लौरो प्रयोग गर्ने गरिएको छ । हनुमान नाचका मुख्य कलाकार (ज्यामाको) नाच्न थालेपछि मात्र अन्य कलाकारले नाच्न सुरु गर्दछन् । नाचको उत्पत्ति भएको भक्तपुरबाटै लोप हुन लागेको हनुमान नाचको संस्कृति बागलुङमा भने जीवित रहेको संस्कृतिकर्मी छोटाले बताउनुभयो । पछिल्लो समय युवापुस्ता पनि हनुमान नाचप्रति आकर्षित भएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । विसं २०४६ मा हनुमान नाच संरक्षण परिषद् गठन भएपछि बागलुङमा नाचको संरक्षण तथा प्रवर्द्धनमा संस्थागत पहल सुरु भएको हो।

नेपाल भाषा मंका खलः बागलुङका अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले पुस्तान्तरण नहुँदा नेवार समुदायमा प्रचलित कतिपय नाच लोप हुने अवस्थामा रहेको बताउनुभयो। बसाइँसराइ, युवाहरू पढ्न बाहिर जाने प्रवृत्तिले पुरानो कला, संस्कृति जोगाउने चुनौती थपिएको उहाँको भनाइ छ । "सांस्कृतिक पर्वमा नाच्ने, गाउने, बजाउने पुराना पुस्ताका धेरै कलाकार अहिले काठमाडौँ, पोखरालगायत सहरमा छन्", उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई पनि आफ्नो इतिहास, भाषा, कला र संस्कृतिप्रति उतिसाह्रो रुचि छैन, पढ्न र रोजगारीका लागि बाहिर जाने प्रवृत्ति बढ्दो छ।"

अध्यक्ष राजभण्डारीले अहिलेसम्म जेनतेन धानिएको नेवारी संस्कृति सङ्कटोन्मुख रहेको बताउनुभयो । उहाँले विसं २०४६ पछिको परिवर्तन र आधुनिक विकासले पनि परम्परामा मार थपिएको धारणा राख्नुभयो । "पहिले कृषिमा आधारित समाज र जीवनशैली थियो, मानिसहरू एकै ठाउँमा बस्थे", उहाँले भन्नुभयो, "अहिले आप्रवासन बढ्दो छ, युवापुस्ता बाहिर छ, यसले पनि पुरानो संस्कृति संरक्षणमा चुनौती थपेको छ।"

# इलाका प्रशासनको भवन बनाउन निःशुल्क जग्गा प्रदान

**पोखरापत्र संवाददाता**
पर्वत, ८ साउन

हुवासस्थित इलाका प्रशासन कार्यालयको भवन निर्माण गर्न पैंयुँ गाउँपालिकाका स्थानीयबासिन्दाले निःशुल्क जग्गा प्रदान गरेका छन्।

मासिक रु ३० हजार तिरेर भाडाको घरमा सञ्चालन हुँदै आएको इलाका प्रकाशनलाई भवन निर्माण गर्न जग्गा खोजी भइरहेको थियो । सोही समयमा पैंयुँ गाउँपालिका-४ हुवासस्थित मर्दिखोलाका बासिन्दाले एक रोपनी, तीन पैसा, एक दाम बराबरको जग्गा निःशुल्क जग्गा प्रदान गरेका हुन् । स्थानीय गौरी आलेले तीन आना एक दाम तीन पैसा, चन्द्रीमाया आले र अम्बरबहादुर आलेले चार आना, अमृतबहादुर आलेले तीन आना तीन पैसा दुई दाम, सहवीर आलेले एक आना तीन पैसा एक दाम र कमलकुमारी आलेले तीन आना दुई पैसा तीन दामको गरी कूल एक रोपनी तीन पैसा एक दाम जग्गा निशुल्क प्रदान गरेको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो। द्वन्द्वकालमा विस्थापित यस कार्यालय सङ्घीयता कार्यान्वयनसँगै २०७३ सालमा पुनःस्थापना भएको थियो । भाडाको साँघुरो घरमा सञ्चालन गर्दा सेवाग्राहीलाई सेवा लिन समस्या हुँदै आएको छ। पैंयुँ गाउँपालिका-४ का अध्यक्ष टुकलाल न्यौपानेका अनुसार रु एक करोड मुल्य बराबरको जग्गा स्थानीयले निःशुल्क दिएका हुन् । इलाका प्रशासन कार्यालय हुवासका प्रमुख लीलावल्लभ काफ्लेले गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयकै पत्राचारपछि एक वर्षदेखि जग्गा खोजी भइरहेकामा अहिले आएर पूर्णता पाएको बताउनुभयो । उक्त जग्गाको लालपुर्जा जग्गा धनीहरूले स्थानीय पैंयुँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरी, वडाअध्यक्ष टुकलाल न्यौपानेसहितको उपस्थितिमा प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्मालाई गत बिहीबार हस्तान्तरण गरेका थिए।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०४/०८

यस कार्यालयबाट मिति २०७४/०२/०९ मा कास्की जिल्ला पोखरा २० कास्कीमा संचालन गर्ने गरि पोखरा २० कास्की निवासी शिरु कुमारी देवकोटाको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १३०७४/०७३/०७४ को शिरु स्टेशनरी नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०८०/०७/१६ मा मृत्यु भएको हुँदा निजको बुहारी पोखरा-२० कास्की निवासी गिता देवी अधिकारी ले मिति २०८१/०४/०८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म गिता देवी अधिकारी देवकोटा को निवेदन अनुसार बन्द भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**